**अनुसूचि — १**

**(दफा ४ तथा अनुसूचि — १ को भाग — २ सँग सम्बन्धित)**

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ | संख्याः६७ | मितिः२०७९/१२/२२

**भाग - २**

**त्रिवेणी गाउँपालिका**

**त्रिवेणी गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी २०७९**

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७९

गाउँकार्यपालिकाबाट पारित मितिः २०७९/१२/२१
प्रमाणित मितिः २०७९/१२/२२

**प्रस्तावना**

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवन स्तरमा सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न त्रिवेणी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयन गर्न यो कार्यविधी तयार गरी लागू गरेको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधीको नाम "त्रिवेणी गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी २०७९" रहेकोछ ।

(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधीमाः—**

क) "कार्यविधी" भन्नाले त्रिवेणी गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी२०७९ लाई सम्झनु पर्छ ।

ख) "कार्यक्रम" भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) "साझेदारी" भन्नाले स्थानीय तह, गैरसरकारी संघ संस्था, सामुदायिक संघसंस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्छ ।

ङ) "गैरसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

छ) "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मुल्य श्रृङ्खला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकिकरण, औधोगीकरण तथा गरिवी निवारण समेतको लागि छनौट

भएका अनुदान ग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पुर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ।

ज) "अनुदान ग्राही" भन्नाले यस कार्यविधी अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने

## परिच्छेद २

## साझेदारी कार्यक्रमका उद्देश्य र क्षेत्र

**३. उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः— क) गैर सरकारी संघ संस्था, सहकारी, नीजि क्षेत्र, सामुदायिक संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने ।

ख) गाउँपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह गर्ने ।

ग) वृहत पुर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित र प्रभावकारी सञ्चालन गर्ने ।

घ) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

ङ) गाउँपालिकामा कृषि तथा पशु विकासका क्रियाकलापमा बढोत्तरी ल्याइ कृषि तथा पशु विकास कार्य्रक्रम सञ्चालन गर्न।

साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछन्ः—

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

ङ) भौतिक पुर्वाधार

च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) सहकारी संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको बजारीकरण

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

**४. कार्यक्रम सञ्चालनका लागि आशयपत्र माग गर्ने सम्बन्धमा।**

क) कार्यपालिकाबाट साझेदारी कार्यक्रम सञ्चालन गर्नका आवश्यक देखेमा निर्णय गरी साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था,सरकारी,कम्पनीलाई लक्षित गरि अनुसूचि १ बमोजिमको को ढाँचामा १५ दिनको आशयपत्र को सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्नुपर्नेछ ।

ख) प्रथमपटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तिमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेको खण्डमा पुनः राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधि दिइ आशयपत्रको माग गर्नुपर्नेछ। दोस्रो पटक प्रकाशित सूचनामा पनि कम्तिमा तिनवटा आशयपत्र छनौटहुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूचि कायम गर्न सकिनेछ।

ग) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि संचालन गर्न सकिनेछ ।

घ) साझेदारी गर्न चाहने स्थानीय तह, संघ, प्रदेश, गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्था,सहकारी, निजी क्षेत्र र उपभोक्ता समितिले कम्तीमा २५ प्रतिशतसाझेदारी गर्नु पर्नेछ ।

ङ) साझेदारी कार्यक्रम गाउँसभाको निर्णयबमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय गाउँसभाले गर्नेछ ।

च) साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ । वहुवर्षिय योजनाको हकमा कार्यपालिकाका सदस्यहरुले बजेट सुनिश्चितताको लागि मन्जुरीनामा दिनुपर्नेछ।

छ) साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम गर्नु पर्नेछ ।

ज) आशयपत्रदाताले देहायका विवरण खुलाउनुपर्नेछ।

- व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण
- विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण
- व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
- प्रस्तावित काममा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण
- गाउँपालिकाले आवश्यक देखेको अन्य कुराहरु।

**५. आशयपत्र छनौटको मापदण्डः** यस कार्यविधी बमोजिम पेश हुन आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मुल्याङ्कन गरी देहायका आधारमा आशयपत्रको छनौट गर्नुपर्नेछ।

- आशयपत्रको सूचनामा खुलाइएका विवरणहरु
- विषयगत क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको

**६. प्रस्ताव माग गर्नेः** दफा ४ बमोजिम पेश हुन आएका आशयपत्रको छनौट पश्चात तयार भएको संक्षिप्त सुचि का प्रस्तावदाताहरुलाइ ३० दिनको समय दिइ निजहरुबाट प्रस्ताव माग गर्नुपर्नेछ। प्रस्ताव सम्बन्धि कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ।

- साझेदारी कार्यक्रमको प्रकृति , अनुमानित लागत , अवधि , स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम
- अनुसुचि ४ र ५ बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गर्नुपर्नेछ।
- प्राविधिक तथा आर्थिक मुल्याङ्कन भार
- प्रस्ताव पेश गर्नुपर्ने स्थान मिति र समय
- प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिबाट छनौट गरिने

यसका साथै प्रस्तावमा देहायका व्यवस्था समेत उल्लेख हुनुपर्दछ।

क) साझेदारी कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषदमा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा), नीति नियमको प्रतिलिपि प्रस्तावना साथ पेश गरेको हुनु पर्नेछ । तर यस प्रावधानले स्थानीय तहहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

ख) सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ ।

ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको हुनु पर्नेछ ।

घ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य र लजिकल फ्रेमवर्कमा लक्ष्य,उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप र जनशक्ति सहितको प्रस्तावना पेश गरेको हुनु पर्नेछ ।

ङ) प्रस्तावना मूल्यांकनका अन्य आधारहरु अनुसूची ४अनुसार हुनेछ ।

च) यस कार्यविधीमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले आवश्यकता बोध गरेको खण्डमा साझेदार निकायसँग सिधै सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

७. साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मुल्याङ्कन गरी छनौटका लागि देहायबमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिनेछ।

गाउँपालिकाको वरिष्ठ सामाजिक विकास अधिकृत - संयोजक

लेखा अधिकृत - सदस्य

पुर्वाधार शाखा प्रतिनिधि - सदस्य

सम्बन्धित विषय वा शाखाको प्रमुख - सदस्य सचिव

विशेष आमन्त्रित सदस्य(पालिका अध्यक्ष र उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) - सदस्य

समितिले आवश्यकता अनुसार अन्य शाखाका कर्मचारीहरुलाइ आमन्त्रित गर्न सक्नेछन्। कुल एक सय अंकभार मध्ये प्राविधिक प्रस्तावको अंकभार ७० र आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ।दुवै प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मुल्याङ्कन गरी बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गरी कार्यपालिकामा पेश गर्न सक्नेछ र कार्यपालिका आवश्यक निर्णय गर्न सक्नेछ। प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्ने आधारहरु र अंकभार देहायबमोजिम रहेका छन्

- साझेदारी कार्यक्रमसँगै सम्बन्धित साझेदारको कार्यानुभाव - कुल अंकको पच्चिस प्रतिशत सम्म
- कार्यसम्पादन गर्ने तरिका - कुल अंकको विस प्रतिशत
- जनशक्तिको योग्यता — कुल अंकको ३० देखि ४५ प्रतिशत
- ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था - कुल अंकको १० प्रतिशत सम्म

उक्त अंकभारको ४० प्रतिशत अंकलाइ उतृणांक मानिनेछ।

## परिच्छेद ४ कार्यक्रम व्यवस्थापन

**८. साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः—**

क) त्रिवेणी गाउँपालिका अध्यक्ष—संयोजक

ख) त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष— सदस्य

ग)प्रमुख प्रशासकीय अधिकृत— सदस्य

घ) साझेदार संस्थाको प्रतिनिधि २ जना— सदस्य

ङ) योजना शाखा प्रमुख— सदस्य

च) सम्बन्धित विषयगत शाखा प्रमुख— सदस्य सचिव

**९. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः—**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद ५

## सम्झौता, खरिद प्रकृया, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

**१०. क) सम्झौताः** साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १ महिना भित्र गाउँपालिकाको अध्यक्षले अनुसूची ५ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

ख) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अध्ययन, अनुसन्धान, सर्वेक्षण, डिजाइन, ड्रइङ सुपरिवेक्षण, परीक्षण गर्ने काम, सफ्टवेयरको काम वा यस्तै प्रकृतिका अन्य वौद्धिक वा पेशागत जस्ता परामर्श सेवाका कार्यहरु साझेदार निकायबाट गर्न सकिने छैन।तर परामर्श सेवाका उल्लेखित कार्य गर्न अतिआवश्यक परेको खण्डमा गर्न साझेदार निकायले आवश्यक ठानेमा गाउँपालिकाको पुर्व सहमति लिनु पर्नेछ।

ग) कृषि र पशु विकास कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने विभिन्न मालसमानहरु (जस्तै चल, अचल) र अन्य सेवाहरु (जस्तै सवारी साधन,उपकरण वा मालसमान भाडामा लिने,ढुवानी गर्ने वा मालसमान मर्मत सम्भार) जस्ता कार्यहरु गाउँपालिकाले खरिद इकाइ मार्फत गर्नुपर्नेछ।

**११. भुक्तानीः साझेदारी कार्यक्रमको भुक्तानी देहायबमोजिम हुनेछः—**

क. सम्झौता भएपश्चात् जम्मा वार्षिक वजेटलाई चौमासिक रुपमा ३ किस्तामा विभाजन गरी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप जम्मा गर्नु पर्नेछ । यसरी पेश्की दिँदा सम्बन्धित गैरसरकारी संघ संस्था, सरकारी, कम्पनीले अनिवार्य रुपमा नियमानुसार कार्यसम्पादन जमानत (performance gurantee ) दिनुपर्नेछ।

ख. दफा ११.क) बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा फर्छ्यौट गरी आगामी चौमासिकको कार्ययोजनाका साथ कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराइने छ ।

**१२. प्रतिवेदनः साझेदारी कार्यक्रमको प्रतिवेदन देहाय बमोजिम हुनेछः—**

क) कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३. अनुगमन तथा मूल्यांकनः साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछः—**

क) कार्यक्रम अनुगमन तथा समन्वय समितिले दफा ९(ख) बमोजिम चौमासिक रुपमा वा आवश्यकता अनुसार अन्य समयमा अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नेछ । सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

**१४. लेखापरीक्षणः** साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम सम्पन्न भए पश्चात प्रचलित कानूनबमोजिम गाउँपालिकाले गर्नु पर्नेछ ।लेखापरिक्षणको क्रममा औंल्याइएका सैद्धान्तिक तथा लगति वेरुजु क्रमश फर्छ्यौट गर्नुपर्ने दायित्व कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले निर्वाह गर्नुपर्नेछ र लेखापरिक्षणमा गाउँपालिकालाई सहयोग गर्नुपर्नेछ।

**१५. समन्वयः** साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

**१६. कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले देहाय बमोजिमका थप दायित्व निर्वाह गर्नुपर्नेछ।**

क)कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको साझेदारीमा कार्यक्रम सञ्चालनका लागि अलग्गै खाता हुनुपर्नेछ र सो खाताको मासिक स्टेटमेन्ट गाउँपालिकालाइ उपलब्ध गराउनु पर्नेछ।

ख)आर्थिक प्रस्तावनामा पेश भए बमोजिमको रकमको हिस्सा सो खातामा सम्बन्धित संस्थाले अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ।

ग) कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले सार्वजनिक खरिद ऐन नियमावली, आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली र नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन कार्यविधीमा उल्लेखित व्यवस्थाको परिधिभित्र रहेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

घ)साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तर गर्दा गाउँपालिकाको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

**१७. कसुर र सजायः** क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

**१८. पारदर्शिताः** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

**२९. उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

**२०.** संशोधन तथा हेरफेर यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**२१. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने** : गाउँ कार्यपालिकाले यस कार्यविधीमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

**२२. प्रचलित कानुन लागु हुनेः** साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**अनुसूची १**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको ढाँचा**

प्रथम पटक सूचना प्रकाशित मिति : ............

त्रिवेणी गाउँपालिकाले .कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि तथा पशु बिकास मा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण गाउँ/नगरपालिकाको वेवसाइट ........................बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

.................................

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची २**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्ने इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदन को ढाँचा**

मितिः ..........

श्री ............. ज्यू,
त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
कर्णाली प्रदेश, नेपाल

विषयः आशय पत्र पेश गरिएको सम्बन्धमा ।

महोदय, उपरोक्त सम्बन्धमा त्रिवेणी गाउँपालिकाको आ.व........... को स्वीकृत कार्यक्रम अनुसार ...................................... उद्देश्यका लागि "................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस ...................................... संस्थाले आशय पत्र पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**आशयपत्रका साथ संलग्न गरिएको कागजातहरु**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशय पत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

फारम १: संस्थाको विवरण

<table>
<tr><th>क्र.स</th><th>विवरणहरु</th><th colspan="2">विस्तृत जानकारी</th></tr>
<tr><td>१.</td><td>संस्थाको नाम</td><td colspan="2"></td></tr>
<tr><td>२.</td><td>संस्थाको प्रकार</td><td colspan="2"></td></tr>
<tr><td>३.</td><td>संयुक्त उपक्रममा प्रस्ताव गरिएको स्थानिय साझेदार संस्थाको नाम:</td><td colspan="2"></td></tr>
<tr><td>४.</td><td>संस्थाको लक्ष्य र उद्देश्य<br>(विधान अनुसार)</td><td colspan="2"></td></tr>
<tr><td>५.</td><td>कार्यगत क्षेत्रहरु<br>(विधान अनुसार)</td><td colspan="2">१.<br>२.<br>३.<br>४.</td></tr>
<tr><td>६.</td><td>भौगोलिक क्षेत्र जिल्ला/गाउँपालिका/नगरपालिकाहरु ( विधान अनुसार)</td><td colspan="2">जिल्लाको संख्या तथा नाम:<br>पालिकाको संख्या तथा नाम:</td></tr>
<tr><td>७.</td><td>सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति</td><td colspan="2">ठेगाना:<br>सम्पर्क व्यक्तिको नाम<br>सम्पर्क व्यक्तिको पद<br>सम्पर्क नम्बर<br>इमेल ठेगाना</td></tr>
<tr><td rowspan="4">८.</td><td rowspan="4">दर्ता विवरण</td><td>दर्ता नं.</td><td></td></tr>
<tr><td>दर्ता मिति</td><td></td></tr>
<tr><td>दर्ता गर्ने निकायको नाम</td><td></td></tr>
<tr><td>पछिल्लो नविकरण मिति</td><td></td></tr>
<tr><td rowspan="3">९.</td><td rowspan="3">समाज कल्याण परिषदसँगको आबद्ध नम्बर, आबद्ध मिति र नविकरण मिति</td><td>समाज कल्याण परिषदसँगको आबद्धता नम्बर</td><td></td></tr>
<tr><td>आबद्धता मिति</td><td></td></tr>
<tr><td>नविकरण मिति</td><td></td></tr>
<tr><td>१०.</td><td>PAN दर्ता नम्बर र मिति</td><td colspan="2">PAN दर्ता नम्बर<br>PAN दर्ता मिति</td></tr>
<tr><td>११.</td><td>कर चुक्ता प्रमाणपत्र</td><td colspan="2">छ/छैन<br>कर चुक्ता गरेको पछिल्लो आर्थिक बर्ष:</td></tr>
<tr><td>१२.</td><td>पछिल्लो साधारण सभा मिति</td><td colspan="2">मिति</td></tr>
<tr><td>१३.</td><td>पुर्णकालिन जम्मा कर्मचारी संख्या:</td><td colspan="2"></td></tr>
<tr><td>१४.</td><td>कार्यक्षेत्र/विगतका कार्य अनुभवका आधारमा कार्यक्षेत्र उल्लेख गर्नुहोस् ।</td><td colspan="2">१.<br>२.<br>३.</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ४. |
| १५. | संस्थाको लिखित नीति र कार्यविधिको नाम | |
| १६. | लेखा प्रणाली र लेखा सफ्टवेर को विवरण | लेखा प्रणालीको नामः<br>लेखा सफ्टवेरको नामः |
| १७. | खरिद र सम्पत्ति व्यवस्थापन प्रणालीको विवरण | |

फाराम २ः कार्ययोग्य भौतिक सम्पत्ति तथा उपकरणहरु

| क्र.स | सम्पत्ति तथा उपकरण (उदाहरणका लागी, कम्प्युटर , यातायात साधन, भवन आदि) | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

फाराम २.३: सस्थाको कार्यकारी समितिको संरचनाको विवरण

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | कार्यकारी समितिको कार्यकाल अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

फाराम २.४ वर्तमान कर्मचारीको विवरण (कृपया विगतको विवरण नराख्नुहोला)

| क्र.सं | कर्मचारीको नाम | लैगिंकता | शैक्षिक योग्यता | पद | बिशेषज्ञताको क्षेत्र | अनुभव बर्षमा | कर्मचारीको प्रकार( नियमित/करार) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

फाराम २.५: विगत तिन आर्थिक बर्षको बार्षिक वित्तिय कारोबार

| क.स. | आर्थिक बर्ष | वित्तिय कारोबार रु. |
|---|---|---|
| १ | २०७५/२०७६ | |
| २ | २०७६/२०७७ | |
| ३ | २०७७/२०७८ | |

फाराम २.६: विगत सात वर्षको सस्थाको रेकर्ड (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस्)

| क.स. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | परियोजना जिल्ला र पालिका | लक्षित समुह ( घरधुरी, सहकारी, समुह, निजी क्षेत्र आदि ) | सम्झौता अवधि ( सुरु मिति, अन्तिम मिति र जम्मा अवधि) | जम्मा सम्झौता रकम | दातृ निकायको सम्बन्धित व्यक्तिको सम्पर्क विवरण ( नाम, सम्पर्क नम्वर, ईमेल) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आशय पत्र पेश सम्बन्धी चेकलिष्ट

| क.सं. | विवरण | संलग्न छ/छैन |
|---|---|---|
| १. | आशयपत्र पश सम्बन्धी निवेदन, | |
| २. | आशय पत्रको फारम, | |
| ३. | संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), | |
| ४. | स्थायी लेखा नम्बर, | |
| ५. | साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र, | |
| ६. | संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति, | |
| ७. | आशय पत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको | |

| | | |
|---|---|---|
| | नागरिकताको प्रतिलिपी १ प्रति, | |
| ८. | संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति, | |
| ९. | व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल) | |
| १०. | विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशय पत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण | |
| ११. | प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण | |

**कार्यविधिको दफा ५ बमोजिम आशयपत्रको योग्यता, अनुभव र क्षमताको मूल्याङ्कन देहायबमोजिम गरिनेछ ।**

| **कार्य अनुभब (४५)** | | **क्षमता (२०)** | | **योग्यता (३५)** | |
|---|---|---|---|---|---|
| सम्बन्धित क्षेत्रमा अनुभब (परियोजनाको नाम, कुल लागत, अवधि र दातृ संस्थाको नाम ( फारम २.६ र कार्य अनुभव पत्र) **(४० अंक भार)** | लक्षित परिवार ( साना किसान, महिला, युवा उद्यमी, निजी क्षेत्र, मूल्य श्रृंखला पात्र र सहकारी), फाराम २.६) **(५ अंकभार)** | बित्तिय क्षमता ( बिगत ३ बर्षको आर्थिक कारोबार फाराम २.५ र ३ बर्षको लेखा परिक्षण प्रतिवेदन) **(१५ अंकभार)** | संस्थागत क्षमता (प्रमुख जनशक्तिको योग्यता र अनुभव फाराम २.४ र वैयक्तिक विवरण) **(५ अंकभार)** | परियोजनाको लागत साझेदारी कम्तीमा २५% खुलेको प्रतिबद्धता पत्र **(३० अंकभार)** | संयुक्त उपक्रममा आशयपत्र पेश गर्नेको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्र **(५ अंकभार)** |
| ७ वा ७ वर्ष भन्दा माथि – ३५ देखी ४० अंक, ५ देखी ६ वर्ष – २५ देखी ३४ अंक, २ देखी ४ वर्ष – १६ देखी २४ अंक, | प्रति वर्ष १ अंकका दरले बढिमा ५ अंक | १० देखी १५ करोड वा सो भन्दा माथि – १२ देखी १५ अंक, ५ देखी ९ करोड – ८ देखी ११ अंक, ४ करोड सम्म – ५देखी ७ अंक, | कृषी तथा पशु संग सम्बन्धित जनशक्ति भएका बढिमा ५ अंक | परियोजनाको लागि साझेदारी कम्तिमा २५ प्रतिशत लागत साझेदारी प्रतिवढता भए बढिमा ३० अंक | संयुक्त आशयपत्र पेश गर्नेको संस्थाहरुको जिम्मेवारी खुल्ने सम्झौता पत्र भए बढिमा ५ अंक |

**नोट : यस आशयपत्रको मूल्याङ्कनमा ४० अंक प्राप्त गर्ने सस्था प्रस्तावना पेश गर्नका लागि योग्य हुनेछन ।**

**अनुसूची ३**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा,रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्नका लागि आशयदाताहरुको छनौट सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः

त्रिवेणी गाउँपालिकाले मिति....................................मा ............... पत्रिकामा प्रकाशित **"कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता कार्यक्रम"** सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ । छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार प्राविधिक र वित्तिय प्रस्तावना पेश गर्नको लागी अनुरोध गरिन्छ ।

**छनौट भएका आशयदाताहरुको सूची**

| साझेदार संस्थाको नाम | ठेगाना |
|---|---|
| | |
| | |
| | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न अनुरोध छ । प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँ/नगरपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । छनौट भएका आशयदाताले आफ्नो तर्फवाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिवद्धता समेत पेश गर्न अनुरोध छ ।

पुनश्चः यस प्रकारको साझेदारीमा कुनैपनि आर्थिक लाभ वा मुनाफा लिने उद्धेश्य नरहेकाले प्रस्तावना पेश गर्नका लागि छनौट भएका साझेदार संस्थाका हकमा पेश्की जमानत आवश्यक नपर्ने व्यहोरा जानकारी गराईन्छ ।

## कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता कार्यक्रमको लागि कार्य विवरण (Terms of Reference)

### १. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आय आर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट गाउँका साना किसान, महिला तथा युवाहरुको आर्थिक जिवन स्तरमा सुधार गर्ने उद्देश्यले "....... गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी र ....................गाउँपालिका बीच बहुबर्षिय रुपमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

## २. मुख्य उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य नगर/गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरु मार्फत  आवद्ध घरधुरीहरुको आय स्तरमा सुधार पुऱ्याउने रहेकोछ ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- गरिव तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफा मुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा  रुपान्तरणकारी बृद्धि गर्नु,
- साना किसान तथा आपुर्ति श्रृँखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध साना किसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशु उपजहरुको आपूर्ति वृद्धि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशु वस्तुसंग सम्बन्धित उद्यमलाई नाफा मूलक वनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहँचमा बृद्धि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशु वस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

## ३. परियोजना कार्यान्वयन प्रवन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घर परिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको

प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

**४. आवश्यक जनशक्ति**

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार**

यस परियोजना गाउँपालिकाका ...... वटा वडाहरुमा सञ्चालन गरिने छ। गाउँपालिकाका कुल घरधुरी ............ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ......... हुनेछन्। भने अपत्यक्ष रुपमा ........घरधुरीहरु संलग्न हुनेछन्। यस बाहेक परियोजनाले .....युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ।

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ।

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| जम्मा | | | | | |

**६. परियोजना अवधिः**

यस परियोजनाको समयावधि ... वर्ष .... महिनाको हुनेछ। परियोजना शुरु हुने मितिः .................. रहनेछ।

**७. परियोजनाको कुल लागतः**

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस गाउँपालिकाले पहिलोवर्ष रु..................... विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत ............................. हुनेछ। यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ।

**८. अपेक्षित परिणाम**

यस परियोजनाले लक्षित साना किसानहरुको जीविको पार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृँखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

**अनुसूची ४**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

**अनुसूची ५**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुल लागत रकम  लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

**अनुसूची ६**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारी कार्यक्रम सम्झौताको ढाँचा**

**"................... साझेदारी कार्यक्रम" संचालनका लागि ........... गाउँपालिका र .......... संस्था विचको**

**साझेदारी सम्झौता पत्र**

**१. परिचयः**

**२. कार्यक्रमको नाम :**

**३. सम्झौता अवधि :**

**४. कार्यक्षेत्रः**

**५. प्रथम पक्षको जिम्मेवारी :**

**६. दोस्रो पक्षको जिम्मेवारी :**

**७. बजेट र वित्तीय कार्यविधि :**

**७.१ परियोजनाको कुल बजेट :**

**७.१.१** परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

**७.१.२** बजेट रकमान्तर सम्बन्धमा :

**७.१.३** परियोजनाको विस्तृत बजेट विवरणः

**७.२ बजेट निकासा :**

**७.२.१**बैक खाता सम्बन्धमाः

**७.२.२** पेश्की सम्बन्धमाः

**७.२.३**वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः

**७.२.४** अग्रीम कर सम्बन्धमाः

**७.२.५** विल भरपाई सम्बन्धमाः

**७.२.६** विल जारी सम्बन्धमाः

**७.२.७**परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः
७.२.९स्थानीय साझेदार सम्बन्धमाः
७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमाः

**८. लेखा परीक्षण तथा प्रतिवेदन**

**९. अनुगमन तथा मूल्यांकनः**

९.१कार्यक्रम अनुगमन तथा समन्वय समितिले
८.२ गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

**१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्था**

**११. परियोजना हस्तान्तरण**

**१२. विविध**

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ........................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| ............................... | ............................... |
| ........................ | ........................ |

**साक्षिहरुः**

**अनुसूची ७**

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा, रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष